नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ४६४, दायर मिति-:२०८०-१२-११

फैसला मिति-२०८०-१२-११

वादी

प्रहरि प्रतिवेदनले नेपाल सरकार------------------------१

प्रतिवादी

देश भारत बिहार राज्य पूर्वी चम्पारण जिल्ला रक्सौल नगरपालिका वडा नं. १ तुमरिया टोल 845305 बस्ने बर्ष ४२ को रितेश कुमार भन्ने रितेश कुमार विश्वकर्मा समेत ३--१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको सांक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले गाली गलौज गर्दै ढुङ्गा मुढा गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. गाली गलौज गर्दै ढुङ्गा मुढा गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. गाली गलौज गर्दै ढुङ्गा मुढा गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिशाल कुमार ठाकुर समेतको घटनाविवरण कागज।

४.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान।

## ठहर-खण्ड

यसमा मिति २०८०।१२।०४ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं. १४ चिनिमिलस्थितमा अपाङ्ग लगायतका व्यक्तिहरुको झारफुक गरी उपचार गराई रहेको अवस्थामा प्रहरी टोली उक्त स्थानमा पुगी निजहरुलाई सोधपुछ गरी सम्झाई बुझाई गरेकोमा प्रतिवादीहरु रितेश कुमार भन्ने रितेश कुमार विश्वकर्मा, पुष्कर गर्ग भन्ने पुष्कर र भुपाल सिंह भन्ने भोपाल सिंह समेतले प्रहरी टोलीलाई गाली गलोज तथा ढुङ्गा मुढा समेत गरी अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा प्रहरी प्रतिवेदन ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु रितेश कुमार विश्वकर्मा,पुष्कर गर्ग भन्ने पुष्कर र भुपाल सिंह भन्ने भोपाल सिंहलाई कैद ७ दिन जरिवाना जनही रु १०,०००। - गर्ने र तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु ४००।- क्षतिपुर्ति शुल्क असुल गर्नु । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु रितेश कुमार विश्वकर्मा,पुष्कर गर्ग भन्ने पुष्कर र भुपाल सिंह भन्ने भोपाल सिंहको जरिवानाको हकमा मिति २०८०-१२-०४ गते देखि २०८०-१२-१० सम्म थुनामा बसेको देखिँदा ठेकिएको कैद ७ दिन कट्टा भईसकेकोले जरिवाना जनही रु १०,०००।- र पिडित राहत कोषमा जनही रु ४००।- दाखिला गर्न प्रतिवादीहरुबाट रकम असुलउपर गर्नु।---------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। ------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु---१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल चैत महिना ११ गते रोज १ / ने.सं. ११४४ चिल्लाथ्व १४,आईतबार शुभम् ............